मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३१ ◆ अङ्क : ६५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ ७ गते बुधबार (Wednesday, 21 January. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## ‘शान्ति सुरक्षाका लागि सरकार प्रतिबद्ध’

**काठमाडौँ, माघ ६।** सरकारले निर्वाचनका निम्ति शान्ति सुरक्षा कायम गर्न प्रतिबद्ध रहेको पुनः दोहोऱ्याएको छ ।

सुरक्षा मामिलाका पत्रकारसँग गृहमन्त्रालयमा भएको छलफलमा गृहमन्त्री ओमप्रकाश अर्यालले प्रदेशगत रुपमा सुरक्षा गोष्ठी गरेर एकीकृत सुरक्षा योजना कार्यान्वयन भएको जानकारी दिए । उनले भयरहीत वातावरणमा निर्वाचन गराउन शान्तिसुरक्षाको सुदृढ व्यवस्था गरिने बताए ।

बिगतको तुलनामा हाल शान्ति सुरक्षाको स्थिति सुदृढ

*(बाँकी अन्तिम पृष्ठमा)*

# उत्साहपूर्वक उम्मेदवारी दर्ता

**झापा, माघ ६।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापासहित देशभर उत्साहपूर्वक उम्मेदवारी दर्ता भएको छ ।

निर्वाचनका लागि गठित मन्त्रीपरिषद्का बहालवाला मन्त्रीहरू समेत पदबाट राजीनामा दिँदै चुनावमा होमिएका छन् । युवा उम्मेदवारहरूको सहभागिताले यसपटकको निर्वाचनलाई अझ रोचक बनाएको छ ।

देशका विभिन्न भागमा उम्मेदवारी दर्ता शान्तिपूर्वक भएको छ भने झापा-५मा भने राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा (एमाले) का कार्यकर्ताबीच झडप भएको छ । यहाँ पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र काठमाडौं महानगरपालिकाका प्रमुख पदबाट राजीनामा गरेर चुनाव लड्न आएका बालेन्द्र शाह (बालेन) प्रतिस्पर्धामा छन् ।

निर्वाचन आयोगले उम्मेदवारी दर्ता गर्दा जुलुस, बाजागाजा र अन्य प्रदर्शन नगर्न भनेको थियो । निर्वाचन आचार संहिताले पनि यसलाई निषेध गरेको छ । तर, झापामा उम्मेदवारी दर्ताकै दिन जुलुस निकालिएपछि भएको झडपले आचारसंहिता उल्लंघनको स्पष्ट संकेत दिएको छ । आयोगले आवश्यक कारबाही नगर्नुले आगामी चुनाव अभियानमा प्रभाव पार्ने संभावना समेत उत्तिकै देखिन्छ ।

यता स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरू पदावधि बाँकी छँदै प्रतिनिधिसभामा उम्मेदवारी दिने क्रम देखिएको छ । केहीले त प्रदेशसभा सदस्य पदबाट समेत राजीनामा गरेर उम्मेदवारी दिएका छन् । यसले पदलोलुपताको समस्या र सम्भावित अस्थिरताको संकेत दिएको विश्लेषकहरू बताउँछन् ।

भदौ २३/२४ आन्दोलनपछि प्रतिनिधिसभा विघटनबिरुद्ध अदालत पुगेका व्यक्तिहरूले पनि निर्वाचनमा भाग लिनु सकारात्मक पक्ष मानिएको छ । यसले उनीहरूको लोकतान्त्रिक प्रतिबद्धता पुष्टि गरेको मूल्यांकन गरिएको छ । जेन-जी आन्दोलनपछि गठन भएको सरकारको मूल जिम्मेवारी फागुन २१ गते निष्पक्ष निर्वाचन सुनिश्चित गर्नु हो । तर, सरकारमा रहेका वहालवाला मन्त्री समेत पदबाट राजीनामा दिँदै चुनावमा होमिएका छन् ।

**झापा ५मा बेग्लै रौनक ओलीसँग बालेनको प्रतिष्पर्धा**

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)ले आइतबार मेयर पदबाट राजीनामा दिँदै प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि झापा ५बाट उम्मेदवारी दर्ता गराएका छन् ।

बालेनले काठमाडौं महानगरपालिकाको प्रभावशाली पद आफ्नो कार्यकालको तीन वर्ष तीन महिनामै छाड्दै नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री समेत रहेका खड्गप्रसाद ओलीसंग प्रतिष्पर्धा गर्न उनी चुनावी मैदानमा होमिए । बालेनले पदबाट राजीनामा दिएपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को तर्फबाट झापा-५लाई निर्वाचन क्षेत्र बनाएर प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेका हुन् । जहाँ चारपटकका प्रधानमन्त्री बनिसकेका ओलीसंग उनको प्रतिष्पर्धा छ ।

झापा-५ एमालेको परम्परागत गढ मानिन्छ । ओलीको लामो समयदेखि निरन्तर उपस्थितिले यहाँको मतदातामा पार्टीको बलियो आधार रहेको छ । बालेनले यस क्षेत्रमा उम्मेदवारी दर्ता गरेर प्रतिस्पर्धाको स्तर उच्च बनाएका छन् ।

कांग्रेसका दमक नगर सभापति प्रकाश प्रसाईं रास्वपा प्रवेश गरेका छन् । उनले बालेनलाई सघाउने भएका छन् । बालेनले मनोनयन दर्ता स्थलमै प्रसाईंलाई खादा लगाएर पार्टीमा स्वागत गरेका थिए । लामो समयदेखि कांग्रेसमा सक्रिय प्रसाईं दमककी उपमेयर रेगिना भट्टराईका श्रीमान् समेत हुन् । उनको पार्टी परिवर्तनसँगै झापा-५को चुनावी माहोल थप रोचक बनेको छ ।

यता नेकपा (एमाले)का अध्यक्ष ओलीले पनि झापा-५बाट उम्मेदवारी दर्ता गराएका छन् । उनले निर्वाचन अधिकृतको कार्यालय पुगेर आफ्नो मनोनयन दर्ता गराएका हुन् । मनोनयन दर्ताका क्रममा अध्यक्ष ओलीसँगै पार्टीका केन्द्रीय तथा जिल्ला तहका नेता-कार्यकर्ता, समर्थकहरूको उपस्थिति देखिएको थियो । उनीहरूले नाराबाजी र झण्डासहित ओलीलाई साथ दिँदै मनोनयनस्थलसम्म पुऱ्याएका थिए ।

मनोनयनपछि सञ्चारकर्मीहरूसँग संक्षिप्त प्रतिक्रिया दिँदै एमाले अध्यक्ष ओलीले झापा-५लाई विकास, स्थायित्व र सुशासनको नमूना क्षेत्र बनाउने प्रतिबद्धता दोहोऱ्याए । उनले जनताको विश्वासका साथ आगामी निर्वाचनमा विजय हासिल गर्ने दावी समेत गरे । ओलीले झापाका मतदाताले देशप्रेमी र दृढ नेतृत्वलाई छनौट गर्ने बताए । उमेदवार मनोनयनका क्रममा सञ्चारकर्मीहरूसँग कुरा गर्दै ओलीले आफूले दोब्बरभन्दा बढी मतले विजयी हुने दावी गरे । कसले व्यक्तिका घर जलायो, सरकारी कार्यालय जलायो र को मुलुकका पक्षमा दृढताका साथ उभियो भन्ने कुरा यहाँका जनतालाई थाहा छ- ओलीले भने- ‘मेरो कसैसँग पनि प्रतिस्पर्धा हुँदैन दोब्बरभन्दा बढी मतले जित्नेछु ।’

**झापा २मा सभामुख र उपसभामुख चुनावी मैदानमा**

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापा-२ निर्वाचन क्षेत्रमा प्रतिष्पर्धा थप रोचक देखिएको छ । विघठित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र उपसभामुख इन्दिरा राना मगरले आ-आफ्नो पार्टीको प्रतिनिधित्व गर्दै उम्मेदवारी दर्ता गरेका छन् ।

सभामुख घिमिरे नेकपा (एमाले) तर्फबाट उम्मेदवार बनेर अर्जुनधारा नगरपालिकास्थित निर्वाचन अधिकृतको कार्यालय पुगेर मनोनयन दर्ता गराए । यता राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की वरिष्ठ नेतृ तथा निवर्तमान उपसभामुख इन्दिरा राना मगरले पनि झापा-२ बाट उम्मेदवारी दर्ता गराएकी छिन् ।

निर्वाचन अधिकृत महेश खत्रीले उनको मनोनयन दर्ता भएको बताएका छन् । यसै निर्वाचन क्षेत्रबाट नेपाली कांग्रेसका पूर्वमन्त्री सरिता प्रसाई, पूर्वमन्त्री समेत रहेकी नेपाली कम्युनिष्ट पार्टीकी महिला नेतृ धर्मशीला चापागाँई पनि चुनावी मैदानमा देखिएका छन् ।

राप्रपाका तर्फबाट भद्रप्रसाद नेपाल (स्वागत)ले पनि यसै निर्वाचन क्षेत्रबाट प्रतिष्पर्धा गर्न उम्मेदवारी दर्ता गराएसंगै झापा-२ मा निर्वाचनलाई उच्च प्रतिस्पर्धात्मक बनाएको छ ।

प्रतिनिधिसभाका सभामुख र उपसभामुखबीच प्रत्यक्ष चुनावी भिडन्त हुनुले क्षेत्रीय राजनीतिक माहोललाई थप रोचक बनाएको छ । दुवै उम्मेदवार यही क्षेत्रका स्थायी बासिन्दा हुन् र विगतको संसदीय अनुभव तथा व्यक्तिगत छविले मतदाताको निर्णयमा निर्णायक भूमिका खेल्ने अपेक्षा गरिएको छ ।



## गगन थापा सर्लाही ४बाट



**झापा, माघ ६।** नेपाली कांग्रेसका सभापति गगन थापाले वारेसमार्फत् सर्लाही ४मा मनोनयन दर्ता गराएका छन् । उनी भने आज मात्रै सर्लाही जाने भएको बताइन्छ ।

सभापति थापाले प्रदेश सांसद तथा मधेश प्रदेशका उपसभापति वीरेन्द्र सिंहलाई वारेस दिएको सचिवालयले जनाएको छ । २०७९ सालको निर्वाचनमा पनि थापा उक्त क्षेत्रमा जान चाहेका थिए । तर, अन्तिम समयमा उनी रोकिएका थिए । सभापति बुधवार मात्रै सर्लाही जानुहुन्छ- सचिवालयका एक सदस्यले भने- वारेसमार्फत मनोनयन दर्ता हुनेछ ।

## रवि लामिछाने चितवन २बाट



**झापा, माघ ६।** राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले वारेसनामामार्फत उम्मेदवारी दर्ता गराएका छन् ।

जिल्ला अदालत पर्सामा मुद्दाको कारण आफैँ उपस्थित हुन नसकेपछि पार्टीको भरतपुर महानगर संयोजक सीता ज्ञवालीमार्फत लामिछानेले चितवन २बाट उम्मेदवारी दर्ता गराएका हुन् । संयोजक ज्ञवालीले आफूले वारेसनामा लिएर लामिछानेको उम्मेदवारी दर्ता गराएको बताइन् । लामिछानेका प्रस्तावक बिक्रम श्रेष्ठ र समर्थक रामजी ठकुरी रहेका छन् ।

### झापामा मुख्य दलका उम्मेदवारहरु

**झापा निर्वाचन क्षेत्र नम्बर १**

| राजनीतिक दल | उम्मेदवार |
|---|---|
| नेपाली कांग्रेस | केशवराज पाण्डे |
| नेकपा एमाले | रामचन्द्र उप्रेती |
| नेपाली कम्युनिष्ट पार्टी | अशेष घिमिरे |
| राष्ट्रिय स्वतन्त्र पार्टी | निशा डाँगी |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | हेमराज कार्की |

**झापा निर्वाचन क्षेत्र नम्बर २**

| राजनीतिक दल | उम्मेदवार |
|---|---|
| नेपाली कांग्रेस | सरिता प्रसाई |
| नेकपा एमाले | देवराज घिमिरे |
| नेपाली कम्युनिष्ट पार्टी | धर्मशीला चापागाँई |
| राष्ट्रिय स्वतन्त्र पार्टी | इन्दिरा राना |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | भद्रप्रसाद(स्वागत) नेपाल |

**झापा निर्वाचन क्षेत्र नम्बर ३**

| राजनीतिक दल | उम्मेदवार |
|---|---|
| नेपाली कांग्रेस | राजेन्द्र घिमिरे |
| नेकपा एमाले | हरि राजवंशी |
| नेपाली कम्युनिष्ट पार्टी | डिल्ली(हिक्मत) घिमिरे |
| राष्ट्रिय स्वतन्त्र पार्टी | प्रकाश पाठक |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | राजेन्द्र लिङ्देन |

**झापा निर्वाचन क्षेत्र नम्बर ४**

| राजनीतिक दल | उम्मेदवार |
|---|---|
| नेपाली कांग्रेस | देउकुमार थेवे |
| नेकपा एमाले | एलपी सावा |
| नेपाली कम्युनिष्ट पार्टी | पुरुषोत्तम चुडाल राजु |
| राष्ट्रिय स्वतन्त्र पार्टी | शम्भु ढकाल ‘सुस्केरा’ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | भक्ति सिटौला |

**झापा निर्वाचन क्षेत्र नम्बर ५**

| राजनीतिक दल | उम्मेदवार |
|---|---|
| नेपाली कांग्रेस | मन्दरा चिमरिया पौडेल |
| नेकपा एमाले | खड्गप्रसाद ओली |
| नेपाली कम्युनिष्ट पार्टी | रञ्जित तामाङ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | वालेन्द्र शाह वालेन |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | लक्ष्मी संग्रौला |

अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा घिमिरे झापा-२ बाट निर्वाचित भइ सभामुख बनेका थिए भने रानामगर समानुपातिक प्रणालीमार्फत उपसभामुख भइसकेकी थिइन् । यसपटक दुवै जना प्रत्यक्ष निर्वाचनमार्फत संसद प्रवेश गर्ने लक्ष्यसहित आमने-सामने भएका छन् ।

**झापा-३मा लिङ्देनको पुनरागमनको प्रयास**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गरेसँगै यो निर्वाचन क्षेत्र फेरि उच्च प्रोफाइलका नेताबीच प्रतिष्पर्धा हुने भएको छ ।

भद्रपुरस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा पुगेर लिङ्देनले मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइँटेल समक्ष आफ्नो मनोनयन दर्ता गराएका हुन् । लिङ्देन यसअघि पनि झापा-३बाट निर्वाचित भइसकेका नेता हुन् । राष्ट्रिय प्रजातन्त्र पार्टीको अध्यक्षका रूपमा सक्रिय रहेका उनले यस क्षेत्रबाट पार्टीको बलियो उपस्थिति रहेको दावी गर्दै आएका छन् ।

स्थानीय तहमा लिङ्देनको संगठनात्मक पकड र राष्ट्रिय राजनीतिमा उनको भूमिका यस निर्वाचन क्षेत्रलाई प्रतिष्पर्धी क्षेत्रका रूपमा अघि सार्ने कारण बनेको छ । मनोनयन दर्ता कार्यक्रममा राप्रपाका नेता-कार्यकर्ता तथा समर्थकको उल्लेख्य उपस्थिति देखिएको थियो ।

## चार पूर्वप्रधानमन्त्री चुनावी मैदानमा



**काठमाडौं, माघ ६।** आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चार जना पूर्वप्रधानमन्त्री चुनावी मैदानमा उत्रिएका छन् ।

नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली झापा निर्वाचन क्षेत्र नम्बर ५बाट उम्मेदवार बनेका छन् । नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ रुकुमपूर्व र सोही पार्टीका सहसंयोजक एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले रौतहट क्षेत्र नम्बर १बाट उम्मेदवारी दिएका छन् ।

यस्तै प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक एवम् पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई गोरखा निर्वाचन क्षेत्र नम्बर २बाट उम्मेदवार बनेका छन् ।

यसअघि २०७९को आमनिर्वाचनमा एमाले अध्यक्ष ओली झापा-५, नेकपाका संयोजक दाहाल गोरखा-२, सहसंयोजक नेपाल रौतहट-१बाट निर्वाचित भएका थिए । उक्त निर्वाचनमा पूर्वप्रधानमन्त्री डा. भट्टराईले तत्कालीन माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई आफूले जित्दै आएको क्षेत्र छाडेर सहयोग गरेका थिए ।

२०४८ सालको निर्वाचनपछि लगातार डडेलधुराबाट निर्वाचित हुँदै आएका नेपाली कांग्रेसका पूर्वसभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा भने यसपटक उम्मेदवार बनेनन् । पार्टीको विशेष महाधिवेशनका विषयमा उत्पन्न परिस्थितिका कारण उनी यसपटक चुनावी मैदानबाट बाहिरिएका हुन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ मंगलबार मुलुकभरका १६५वटै निर्वाचन क्षेत्रमा उम्मेदवारको मनोनयन दर्ता भएको छ ।

यसअघि लिङ्देनले दुईपटक नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलालाई यही निर्वाचन क्षेत्रबाट पराजित गरिसकेका छन् । यसपटक नेपाली कांग्रेसले राजेन्द्र घिमिरेलाई प्रतिस्पर्धामा उतारेको छ भने राष्ट्रिय स्वतन्त्र पार्टीले प्रकाश पाठकलाई मैदानमा राखेको छ । नेकपा एमालेतर्फबाट संविधानसभा सदस्य हरिबहादुर राजवंशीले प्रतिष्पर्धा गर्दैछन् । बहुपक्षीय प्रतिस्पर्धा र ठूला दलका उम्मेदवारहरूको सक्रियताले झापा-३मा चुनावी माहोल अत्यन्तै रोचक र प्रतिष्पर्धी देखिएको छ ।

**बिघटित प्रतिनिधिसभाकी कान्छी सांसद निशा डाँगी झापा-१बाट**

प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि झापा-१बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की नेतृ निशा डाँगीले उम्मेदवारी दर्ता गरेकी छिन् ।

यसअघि समानुपातिकतर्फबाट सांसद बनेकी डाँगी यसपटक प्रत्यक्ष निर्वाचनमार्फत संसद प्रवेश गर्ने लक्ष्यसहित मैदानमा उत्रिएकी हुन् । उनले युवा मुद्दा,

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापा औद्योगिक व्यापार महोत्सव आजबाट

**भद्रपुर, माघ ६।** झापा औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव-२०८२को तयारी पूरा भएको छ ।

झापा उद्योग बाणिज्य संघको आयोजनामा भद्रपुर नगरपालिका-८स्थित मेची रंगशालामा आज माघ ७ गतेदेखि २१ गतेसम्म आयोजना हुन लागेको महोत्सवको तयारी पूरा भएको हो । मंगलवार आयोजित पत्रकार सम्मेलनमा संघका कार्यवाहक अध्यक्ष एवम् महोत्सव मूल आयोजक समितिका संयोजक राजकुमार राईले महोत्सवको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएका हुन् ।





यहाँको समग्र आर्थिक तथा सामाजिक उत्थानका लागि महोत्सव आयोजना गर्न लागिएको हो- उनले भने- झापाको उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, कृषि, पशुपंक्षी र पर्यटन क्षेत्रको प्रवर्द्धनमा टेवा पुऱ्याउनुका साथै आन्तरिक बजार सवलीकरण, व्यावसायिक उत्थान तथा निकासीयोग्य वस्तुमा जोड दिने मध्यकालीन लक्ष्यसहित महोत्सव आयोजना गरेका हौं ।

पत्रकार सम्मेलनमा कोशी प्रदेशसभा सदस्य छविलाल चुडालले राष्ट्रिय अर्थतन्त्रलाई मजबुद बनाउन यस प्रकारका महोत्सव महत्वपूर्ण हुने धारणा राखे । उनले कोशी प्रदेश सरकारले समेत यस्ता कार्यक्रमलाई विशेष प्राथमिकतामा राखेर सहयोग गर्दै आएको बताए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

BIRTAMODE
EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
NE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org

# चार मन्त्री मैदानमा






**झापा, माघ ६।** निर्वाचन गराउने प्रमुख जिम्मेवारीसहित गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका चार जना मन्त्री आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएका छन्।

आगामी फागुन २१ गते हुने निर्वाचनका लागि मन्त्री पदबाट राजीनामा दिएर उनीहरु उम्मेदवार बनेका हुन्। हालसम्म प्राप्त जानकारी अनुसार अन्तरिम सरकारका ऊर्जा, जलस्रोत तथा सिञ्चाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङ, युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र शिक्षा विज्ञान तथा प्रविधिमन्त्री महावीर पुन उम्मेदवार बन्दै छन्। यसअघि उनीहरुले वर्तमान सरकारको स्वतन्त्र पहिचानमा आँच आउन नदिने, दलीय राजनीतिको मैदानमा छिर्नु अघि पदबाट राजीनामा दिने घोषणा गरेका थिए।

मन्त्री पदबाट राजीनामा दिएपछि ऊर्जामन्त्री घिसिङले आफ्नै नेतृत्वमा उज्यालो नेपाल पार्टी गठन गरेका छन्। उनी त्यसअघि नेपाल बिद्युत् प्राधिकरणको कार्यकारी निर्देशक थिए। घिसिङ काठमाडौं निर्वाचन क्षेत्र नं. ३बाट उम्मेदवार बनेका उज्यालो पार्टीका प्रवक्ता डा. राजु थापाले जानकारी दिए।

युवा तथा खेलकुदमन्त्री गुप्ता जेन-जी आन्दोलनका अगुवा तथा सामाजिक अभियन्ताका रुपमा परिचित छन्। राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट सिरहा निर्वाचन क्षेत्र नं. १बाट आफूले उम्मेदवारी दिएको गुप्ताले जानकारी दिए।

पूर्वसञ्चारमन्त्री खरेल दुई दशकभन्दा बढी समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय थिए। मन्त्री बन्नुअघि उनले इमेज टेलिभिजनको सम्पादकीय नेतृत्व सम्हालेका थिए। खरेललाई राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डीपी अर्यालले पार्टी आबद्धताको प्रतीक चिन्ह प्रदान गरेका थिए। उनले ललितपुर निर्वाचन क्षेत्र नं २ को निर्वाचन कार्यालय पुगेर उम्मेदवारी दर्ता गरेको सो पार्टीले जनाएको छ।

यस्तै पूर्वशिक्षामन्त्री तथा राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक एवम् वैज्ञानिक महावीर पुनले भने म्याग्दी निर्वाचन क्षेत्र नं. १ बाट स्वतन्त्र उम्मेदवारी दिइसकेका छन्।

## ठक्करबाट ८१ वर्षीया वृद्धाको मृत्यु

**झापा, माघ ६।** झापाको बिर्तामोड नगरपालिका-५ जात्रुबारीस्थित भित्री सडक खण्डमा पिकअपले ठक्कर दिँदा ८१ वर्षीया महिला मृत्यु भएको छ।

झापा बिर्तामोड-५ का ३१ वर्षीय हरि प्रसाद काफ्लेले चलाएको मे१ज १८०४ नम्बरको सामान बोक्ने पिकअप गाडीले किराना पसलमा सामान लोड गर्दै ब्याक गर्ने क्रममा पैदलयात्री माया लिम्बूलाई ठक्कर दिएको थियो।

घाइते भएकी लिम्बूलाई तत्काल वीएण्डसी अस्पताल बिर्तामोड पुऱ्याइ उपचार शुरु गरिएको थियो, तर बिहान उनको मृत्यु भएको प्रहरीले जनाएको छ। घटनामा संलग्न पिकअप चालक काफ्ले र गाडीलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान अघि बढाएको छ।

## दुर्घटनामा जेसीजका दुई पूर्वअध्यक्षको मृत्यु



**सुनसरी, माघ ६।** मोरङको बूढीगंगा गाउँपालिका-४स्थित भित्री सडक खण्डमा भएको मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु भएको छ।

स्वस्तिक जुट मिल अगाडिको भित्री पक्की सडक खण्डमा भएको दुर्घटनामा नेपाल जेसीजकी पूर्वराष्ट्रिय उपाध्यक्ष एवम् दुहबी जेसीजकी पूर्वअध्यक्ष ४० वर्षीया कञ्चन झा र दुहवी जेसीजका पूर्वअध्यक्ष ३१ वर्षीय प्रकाश साहको मृत्यु भएको हो।

प्रहरीका अनुसार प्रदेश नम्बर १-०२-०४९ प ९२२३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटनामा परेको हो। दुर्घटनामा मोटरसाइकल चालक सुनसरीको दुहबी नगरपालिका-५ निवासी साह र पछाडि सवार झाको मृत्यु भएको हो। दुर्घटनामा गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि बिराट टिचिङ अस्पताल लगिएको थियो। तर, अस्पताल पुऱ्याएको केही समयपछि चिकित्सकले दुवै जनालाई मृत घोषणा गरेका थिए।

प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार मोटरसाइकलको तीव्र गतिको कारण दुर्घटना भएको हो। मृतक साह दुहबी जेसीज २०२४का अध्यक्ष हुन् भने कञ्चन दुहबी जेसीज २०१८की अध्यक्ष तथा जेसीजकी पूर्वराष्ट्रिय उपाध्यक्ष थिइन्। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### झापा ...

त्यस्तै, भद्रपुर नगरपालिकाकी उपप्रमुख राधा कार्कीले भद्रपुरमा पछिल्लो समय आर्थिक क्रियाकलाप घट्दो क्रममा रहेकाले त्यसलाई उकास्न महोत्सव सहायकसिद्ध हुने बताइन्। मैले अनुगमनका क्रममा यहाँका उद्योगी-व्यवसायीको अवस्था र उनीहरुको भावना बुझेकी छु- उनले भनिन्- उहाँहरुलाई प्रोत्साहन गर्न पनि भद्रपुर नगरपालिकाले महोत्सवमा संरक्षणको भूमिका निर्वाह गरेको छ।

यस्तै, भद्रपुर-८का वडाध्यक्ष गौरब सुब्बा (मनोज)ले भद्रपुरलाई चलायनमान बनाउन सबै लाग्नुपर्नेमा जोड दिए। सबैले मिलेर नगरको विकास गर्नुपर्छ- उनले भने- राजनीतिभन्दा पनि माथि उठेर सबै मिलेर विकासमा लागौं।

खेलकुद विकास समिति झापाका अध्यक्ष भेषराज भण्डारी (प्रशान्त)ले उद्योग-व्यवसायसँगै यहाँको खेलकुदलाई समेत उकास्न महोत्सव आयोजन गर्न लागिएकाले सबैको साथ र सहयोग आवश्यक रहेको बताए। महोत्सव अवधिमै विभिन्न खेलकुदका कार्यक्रम समेत गरिने उनले जानकारी दिए।

'समृद्धिको आधार, आर्थिक विकास, कृषि, पर्यटन, उद्योग र व्यापार' भन्ने नारासहित आयोजना हुन लागेको महोत्सवका लागि एक सय ३० वटा स्टल निर्माण गरिएको छ भने तीमध्ये एक सय २५ वटा स्टल बुकिङ भइसकेको आयोजकले जनाएको छ। ती स्टलमा हस्तकलाका सामग्रीसहित स्थानीय कृषि उत्पादनदेखि विभिन्न कम्पनीका अटोमोबाइल्स समेत प्रदर्शनीमा राखिने छन्।

महोत्सवमा कम्तीमा रू. १० करोड बराबरको कारोबार तथा एक लाखभन्दा बढी अवलोकनकर्ताको सहभागिता हुने आयोजकको अपेक्षा छ।

महोत्सवमा स्थानीय कृषि उत्पादनहरुलाई विशेष महत्व राखी कृषि उत्पादन, बीऊबीजन तथा मलखाद, कृषि औजार, प्रविधि तथा यन्त्र, जडीबुटी तथा औषधि, पर्यटन तथा शैक्षिक संस्था, छाला तथा छालाका सामानहरु, गार्मेन्ट तथा जुत्ता चप्पल, गलैंचा तथा पश्मिना, सौर्य ऊर्जा तथा जल बिद्युत्, मोवाइल तथा सूचना प्रविधि, घरजग्गा तथा निर्माण सामग्री, बैंक तथा वित्तीय संस्था, फर्निचर तथा फर्निसिङ, दैनिक उपभोग्य सामानलगायतका वस्तु प्रदर्शनी तथा कारोबारका लागि राखिने आयोजकले जनाएको छ।

महोत्सवलाई आकर्षक बनाउन सेल्फीजोन, मनोरञ्जनात्मक खेल तमासा, स्थानीय, राष्ट्रियस्तरको सांगीतिक र हाँस्यव्यंग्य प्रस्तुति, स्थानीय गीत तथा नृत्य र सांस्कृतिक कार्यक्रम, वाल उद्यान, विभिन्न जातजातिको सांस्कृतिक, परम्परागत प्रदर्शनी तथा झाँकी प्रदर्शन, मनोरञ्जनात्मक आकर्षण हुने जनाइएको छ।

महोत्सव सम्पन्न गर्न विभिन्न नौ वटा उपसमिति गठन गरिएको छ। आदित्य पराजुली संयोजक रहने गरी आर्थिक संकलन तथा व्यवस्थापन समिति, खडगबहादुर लिम्बू संयोजक रहने गरी मञ्च व्यवस्थापन समिति, पवनकुमार श्रेष्ठको संयोजकत्वमा स्टल व्यवस्थापन समिति, माधव बिद्रोहीको संयोजकत्वमा प्रचारप्रसार समिति, रोहित काफ्लेको संयोजकत्वमा उपहार तथा प्रकाशन समिति, अम्बिका पोखरेलको संयोजकत्वमा सुरक्षा तथा स्वयम् सेवक समिति, अनिता कार्कीको संयोजकत्वमा स्वागत तथा सत्कार समिति, संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार घिमिरेको संयोजकत्वमा अनुगमन समिति गठन गरिएको छ।

### शान्ति ...

हुँदै गएको बताउँदै गृहमन्त्रीले शान्तिपूर्ण रुपमा निर्वाचन सफल पार्नेतर्फ सरकारको ध्यान केन्द्रित भएको उल्लेख गरे। उनले उच्च मनोबलका साथ सुरक्षा निकाय कार्यक्षेत्रमा परिचालन भएका बताए। सूचना प्रविधिको दुरुपयोग नियन्त्रण गर्न गृह प्रशासनको नेतृत्वमा टेलिकम, साइबर ब्यूरो र सरोकार भएका निकायको सहभागितामा आवश्यकता व्यवस्था गरिएको जानकारी उनले दिए।

गृह सचिव राजकुमार श्रेष्ठले एकीकृत सुरक्षा योजना पूर्ण कायान्वयनका साथ निर्वाचनका निम्ति शान्ति सुरक्षा प्रभावकारी बनाइएको बताए।

### उत्साहपूर्वक ...

शिक्षा, रोजगारी र सुशासनलाई आफ्नो अभियानको मुख्य प्राथमिकतामा राख्दै मतदाताबाट समर्थन र विश्वासको अपेक्षा गरेकी छन्।

डाँगीले मुख्य निर्वाचन अधिकृत गोपी विश्वकर्माको कार्यालयमा औपचारिक रूपमा मनोनयन दर्ता गराइन्। रास्वपाका उम्मेदवार आकांक्षी प्रेमराज घिमिरे प्रस्तावक र असिम दाहाल समर्थकका रूपमा उपस्थित थिए। मनोनयन दर्तासँगै पार्टीका स्थानीय नेता-कार्यकर्ता र समर्थकको उपस्थितिमा झापा-१मा रास्वपाको चुनावी अभियान औपचारिक रूपमा शुरु भएको छ।

झापा-१ लामो समयदेखि नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माको 'होम ग्राउण्ड' मानिँदै आएको निर्वाचन क्षेत्र हो। तर, यसपटक शर्मा स्वयम् प्रत्यक्ष उम्मेदवार नबनी पार्टीका जिल्ला उपसभापति केशवराज पाण्डेलाई मैदान खुला गरिदिएका छन्। यस निर्णयसँगै झापा-१मा नयाँ राजनीतिक समीकरण बनेको छ।

यस क्षेत्रबाट अहिले नेकपा एमालेका तर्फबाट रामचन्द्र उप्रेती, नेपाली कम्युनिष्ट पार्टीका अशेष घिमिरे, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट हेमराज कार्की पनि चुनावी प्रतिष्पर्धामा छन्। डाँगीको इन्ट्रीले परम्परागत दलहरूको मताधारमा प्रभाव पार्न सक्ने सम्भावना रहेको विश्लेषकहरूको भनाइ छ।

**झापा-४मा ठूला दलका प्रभावशाली उम्मेदवार मैदानमा**

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापा निर्वाचन क्षेत्र नम्बर ४मा पनि चुनावी प्रतिस्पर्धा रोचक हुने भएको छ। नेपाली कांग्रेसका तर्फबाट पार्टी सभापति देउकुमार थेवेले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका छन्। कांग्रेसको संगठनात्मक आधार बलियो मानिने झापा-४मा थेवेको उम्मेदवारीलाई पार्टीले प्रतिष्ठाको विषयका रूपमा लिएको छ।

नेकपा एमालेबाट दुई पटक निर्वाचित सांसद एलपी साँवा पुनः चुनावी मैदानमा उत्रिएका छन्। अनुभवी र प्रभावशाली नेताका रूपमा चिनिने साँवाले यसपटक पनि निरन्तरता कायम राख्ने लक्ष्यसहित मतदातासँग मत मागिरहेका छन्।

यस्तै, नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट पुरुषोत्तम चुडाल 'राजु' चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्। उनी वामपन्थी मतदातालाई आकर्षित गर्ने रणनीतिका साथ चुनावी अभियानमा जुटेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट नेता शम्भु ढकाल 'सुस्केरा' उम्मेदवार बनेका छन्। पछिल्लो समय वैकल्पिक राजनीतिक धार प्रस्तुत गर्दै आएका ढकालले भ्रष्टाचारबिरुद्ध, सुशासन र राष्ट्रियताका मुद्दालाई आफ्नो अभियानको मुख्य आधार बनाएका छन्।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीबाट कोशी प्रदेशका पूर्व कृषिमन्त्री भक्ति सिटौला चुनावी मैदानमा उत्रिएका छन्। प्रदेश सरकारमा रहँदा कृषि क्षेत्रमा गरेका कामलाई मतदाता समक्ष प्रस्तुत गर्दै उनले झापा-४लाई विकास र रोजगारीको केन्द्र बनाउने प्रतिबद्धता जनाएका छन्। ठूला दलका स्थापित नेता र नयाँ राजनीतिक शक्तिका उम्मेदवारबीचको भिडन्तका कारण झापा-४लाई यसपटक उच्च प्रोफाइल र चासोपूर्ण निर्वाचन क्षेत्रका रूपमा हेरिएको छ।

# देउवासहित कांग्रेसका ३५ प्रभावशाली नेताले किन उम्मेदवारी दिएनन् ?



**काठमाडौं, माघ ६।** प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसका ३६ जना प्रभावशाली नेताहरू चुनावी मैदानमा नदेखिने भएका छन्। निवर्तमान सभापति शेरबहादुर देउवादेखि २०७९ सालमा कांग्रेसबाट निर्वाचित एक्ली महिला सांसद सीता गुरुङसम्म यसपटक उम्मेदवार नबन्ने सूचीमा परेका छन्।

विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई निर्वाचन आयोगले मान्यता दिएपछि पार्टीभित्रको शक्ति सन्तुलन फेरिएको छ। देउवा र डा. शेखर कोइराला पक्षका प्रभावशाली नेताहरू ठूलो संख्यामा किनाराकृत भएका छन्। पार्टीको आधिकारिकता विवादलाई सर्वोच्च अदालतसम्म पुऱ्याएका निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई चुनावी मैदानमा जान नैतिक संकट देखिएको छ भने अन्य धेरै नेताको स्थायी निर्वाचन क्षेत्रमा सभापति थापाले 'कैंची' लगाएका छन्।

सुर्खेत-१ बाट लगातार चुनाव लड्दै आएका खड्काले यसपटक मैदान छोडेका छन्। तीन जना पूर्व उपसभापति धनराज गुरुङ, गोपालमान श्रेष्ठ र विजयकुमार गच्छदार टिकटबाट वञ्चित भएका छन्। धनराज गुरुङ गतनिर्वाचनमा स्याङ्जा-२ बाट निर्वाचित भएका थिए।

सुनसरी-३मा गच्छदारको आठौंपटक उम्मेदवार बन्ने चाहनामा 'ब्रेक' लागेको छ। विशेष महाधिवेशनमा देउवा समूह फेरेका र स्याङ्जाबाट चुनाव लड्दै आएका गोपालमान श्रेष्ठ पनि मैदानमा उत्रिएनन्।

पूर्वमहामन्त्री शशांक कोइरालालाई पनि सभापति थापाले टिकट दिएनन्। कांग्रेसका संस्थापक नेता वीपी कोइरालाका छोरा शशांक नवलपुर-१बाट २०७०, २०७४ र २०७९ सालमा लगातार निर्वाचित भएका थिए। यसपटक उनलाई पनि टिकटबाट बञ्चित गरिएको छ।

निवर्तमान सहमहामन्त्रीहरू बद्री पाण्डे, जीवन परियार र उमाकान्त चौधरी तथा कोषाध्यक्ष उमेश श्रेष्ठ पनि चुनावी मैदानमा देखिने छैनन्। बाजुराबाट २०७९ सालमा निर्वाचित पाण्डेले उम्मेदवार नबन्ने घोषणा गरेका थिए भने परियारले कास्की-१ बाट चुनाव लड्ने इच्छा राखेका थिए। सभापति थापाको रोजाइमा कास्की-१ परियार र बारा-१मा चौधरी पर्न सकेनन्।

काठमाडौं-१बाट लगातार निर्वाचित हुँदै आएका कांग्रेसका पूर्व उपसभापति प्रकाशमान सिंहलाई पनि टिकट दिइएन। पार्टी प्रवक्ता देवराज चालिसेका अनुसार सभापति थापा सिंहलाई उम्मेदवार बनाउने पक्षमा थिएनन्।

सोलुखुम्बूका सदाबहार उम्मेदवार बलबहादुर केसी, उदयपुर-१का डा. नारायण खड्का, सुनसरी-१ बाट सिफारिस भएका मीनबहादुर विश्वकर्मा, काठमाडौं-१० का राजेन्द्रकुमार केसी र सुर्खेत-२का हृदयराम थानीले चुनाव नलड्ने घोषणा गरिसकेका छन्।

२०५६, २०७०, २०७४ र २०७९ गरी चारपटक कञ्चनपुर-३ बाट चुनाव लडेका रमेश लेखकलाई पनि अन्तिममा टिकटबाट वञ्चित गरिएको छ। यस्तै रुपन्देही-३मा बालकृष्ण खाँण, कैलाली-५मा आरजु राणा, मोरङ-२मा सुजाता कोइराला र तेह्रथुममा सीता गुरुङले पनि टिकट पाएनन्।

कांग्रेसले दोलखाका जीपछिरिङ लामा, सिरहाका पद्मनारायण चौधरी, सिन्धुपाल्चोक-१का मोहनबहादुर बस्नेत, कैलाली-१का रामजनम चौधरी, ललितपुर-३ का मदनबहादुर अमात्य, ओखलढुंगाका रामहरि खतिवडा, संखुवासभाका दीपक खड्का, सिन्धुली-२ का श्याम घिमिरे, भक्तपुर-२का दुर्लभ थापा र काठमाडौं-६का भीमसेनदास प्रधानलाई पनि उम्मेदवार बनाएको छैन।

यसैगरी कैलाली-१ लाई चुनावी क्षेत्र बनाएकी ईश्वरी न्यौपाने, गोरखा-१ बाट चुनाव लड्दै आएका चिनकाजी श्रेष्ठ र राजेन्द्र बजगाँई पनि फागुन २१को चुनावी मैदानभन्दा बाहिर छन्।

उपसभापतिद्वय विश्वप्रकाश शर्मा र पुष्पा भुसाल तथा सहमहामन्त्री डा. डिला संग्रौला पनि उम्मेदवार बनेका छैनन्। शर्मा र भुसालले चुनाव नलड्ने घोषणा गरिसकेका थिए भने संग्रौलाको चुनावी क्षेत्र तय हुन नसक्दा उनी उम्मेदवार हुनबाट बञ्चित भएकी हुन्।

कांग्रेसभित्र यसपटक चुनाव नलड्ने वा टिकट खोसिएका अधिकांश नेता देउवा पक्षका रहेको तथ्यले पार्टीभित्रको आन्तरिक शक्ति संघर्ष र नयाँ नेतृत्वको प्राथमिकता स्पष्ट देखाएको छ।


## सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात, प्रक्रिया पूरा गरौं,
- नागरिक वडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं।
- सकेसम्म अनलाइनबाटै सेवा लिने र दिने गरौं।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध उजुरी गरौं।

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड



## भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरूको दैनिक सेवा अब बिर्तामोडमै

**डा. प्रशिद्ध ढकाल**
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

**डा. बबिता शर्मा**
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग बिशेषज्ञ

**डा. विधान न्यौपाने**
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:०० बजेदेखि १०:०० बजेसम्म
दिउँसो २:०० बजेदेखि ५:०० बजेसम्म

**डा. रोहित पंजियार**
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग बिशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४, झापा
०२३-५९११७४, ९८२०४९११७४



## राहदानी र नागरिकता हरायो

**शिवगञ्जदेखि दूधेसम्मको जाने क्रममा मेरो निम्न व्यहोराको नागरिकता तथा राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा बुझाइदिनुहुन अनुरोध गरिन्छ।**

**नामः राजु ताजपुरिया**
**ठेगानाः** शिवसताक्षी नगरपालिका-०६, शिवगञ्ज झापा
**नागरिकता नं.** ०४-०२-७२-०२९७८ (जारी जिल्लाः झापा)
**राहदानी नं.** PA४४५६२४३
**सम्पर्क नं.:** ९७०५३३८३७०
**मिति २०८२/०९/०९ गते**


## प्रेस विज्ञप्ति

**नेपालमा जम्मा ४१११ हेक्टर क्षेत्रफलमा सुपारी खेती गरिन्छ। यसबाट वार्षिक प्रशोधित सुपारी १४६१७मेट्रिक टन उत्पादन हुन्छ भन्ने नेपाल सरकारको पुरानो तथ्याङ्क छ। बिगत ४/५ वर्ष यता झापा जिल्लाका प्रायः जसो प्रत्येक किसानको खेतमा रोपन बढेको छ। धेरैभन्दा धेरै ग्रामीण महिलाहरुले ६ महिना रोजगारी पाउँछन् पुरुषहरुले पनि रोजगारी पाउँछन्।**

**यो सजिलो खेती भएकोले हाल झापा, मोरङ र सुनसरीमा प्रायः सबैले धेरथोर सुपारी रोपण गरिरहेका छन्। रोपण क्षेत्र बढी रहेको छ। क्रमशः यसबाट उत्पादन बढी रहेको छ। तर सरकारले यस खेतीको विगत १५ वर्ष यता तथ्याङक संकलन गरेको छैन। सुपारी किसानलाई प्रोत्साहन गर्ने कार्यक्रम छैन। नाम मात्रको झापामा सुपारी जोन कार्यक्रम राखिएको छ। झापामा मात्रै ३५०० हेक्टरमा सुपारी खेती हुन्छ। यो क्षेत्रफल ३ वटा सुपारी सुपरजोन कार्यक्रम सञ्चालन गर्न पुग्ने क्षेत्र हो। तर सरकारले ७८८ हेक्टर क्षेत्रफलको सुपारी जोन कार्यक्रमका लागि वार्षिक २३ लाख बजेट दिन्छ, त्यसमा पनि किसानले साझेदारी गर्नुपर्ने अनिवार्यता छ।**

**यसका बाबजुद हामी किसानहरुले खेती गरी उत्पादन बढाई रहेका छौं। तर, सरकारले सुपारीलाई हेरोइन, हेसिस, चरेस, गाँजा जस्तो गरेर निगरानी गर्छ। एउटा पालिकाभित्र ओसारपसार गर्न दिँदैन, एउटा जिल्लाभित्र ओसारपसार गर्न दिँदैन। सरकारले नै विदेशी सुपारी आयात गर्न अनुमति दिएर यस खेतीलाई दरुत्साहन गरेको छ। नेपालको सुपारी नेपालमा प्रशोधन गरेको प्रमाणित भएको सुपारी पनि प्रकाउ गरी इटहरी राजश्व कार्यालयमा दाखिल गर्छ र ६०देखि ७० हजारसम्म जरिवाना गर्दछ।**

**सरकारको तथ्यांकमा सुपारी उत्पादन हुन्छ भनेर प्रमाणित छ। यसलाई वेचविखन गर्नुपर्छ भन्ने प्रचलित नियम हो थाहा हुनुपर्छ सरकारलाई। तर यस्तो ज्यादती किन गरिन्छ सरकारलाई पश्न छ ? विदेशी चिनी आयात गरेर यहाँको उखु खेती मासे जस्तै सुपारी खेती फाँड्नु भनेर अघोषित रुपमा भनेको हो कि के हो ? यदि फाँड्नु भनेको हो भने घोषणा गरी दिँदा प्रष्ट हुनेथियो। होइन भने देशको यत्रो उत्पादन, उत्पादन बढ्दो क्रममा रहेको अहिले कै तथ्यांक अनुसारको उत्पादनबाट मात्र पनि वार्षिक ५ अर्बभन्दा बढीको कारोबार हुने सुपारी खेतीका बारेमा सरकारले सहजीकरण गरिदिएर ओसारपसार बन्द व्यापार गर्न उचित व्यवस्था मिलाइ दिएको छैन। नेपालमा सञ्चालित सुपारीजन्य उद्योगले नेपालमा उत्पादित सुपारी प्रयोग गर्दैनन्।**

**सरकारले नेपालमा उत्पादित सुपारीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गरेको छैन। गुट्खा उद्योगलाई चाहिने सुपारी आयात गर्न इजाजत दिएको छ भने नेपालमा उत्पादित सुपारी विदेश निर्यात गर्ने कार्यलाई निरुत्साहित गर्दै २०७५ आवण १६ गते राष्ट्रिय सभाको दिगो विकास तथा सुशासन समितिले उद्योग वाणिज्य मन्त्रालयलाई निर्देशन गर्दा उल्लेख गरेको छ। नेपालमा व्यापक सुपारी खेती भएतापनि कृषि उत्पादनमा सूचीकृत छैन। यसकारणले हात्तीद्वारा नोक्सानी हुँदा राहत/क्षतिपूर्ति पाइरहेको छैन।**

**हाम्रा मागहरुः**

१. सुपारी उत्पादनलाई राष्ट्रिय कृषि उत्पादनमा सूचीकृत गरिपाउँ।
२. सुपरजोनको मापदण्ड अनुसार सुपारी सुपरजोन कार्यक्रम लागू गरिपाउँ।
३. नेपालमा सञ्चालित सुपारीजन्य उद्योगले प्रयोग गर्ने सुपारीको ५०% स्थानीय उत्पादन अनिवार्य प्रयोग गर्नुपर्ने व्यवस्था गरिपाउँ।
४. नेपालमा उत्पादित सुपारी नेपाललाई पुगेर भारत निकासी गर्न पुगिरहेको अवस्थामा विदेशी सुपारी आयात गर्ने अनुमति दिने सरकारले निर्णय गरेको जानकारी भएकोले आयात गर्ने व्यवस्था तुरुन्त खारेज गरिपाउँ।
५. आर्थिक वर्ष २०६६/०६७देखि यता सुपारी खेतीको क्षेत्रफल तथा उत्पादनको तथ्यांक संकलन नगरिएको हुँदा यथाशीघ्र तथ्यांक संकलन गरी स्वदेशी उद्योग र नागरिकलाई आवश्यक पर्ने बजार प्रक्षेपण गरी सोभन्दा माथिको मात्राको सुपारी निर्यात गर्न रहेको डि.एन.ए परीक्षणको झमेला हटाई भारत तथा पाकिस्तान जस्ता देशहरुमा सरल र उचित निकासिको व्यवस्था गरिपाउँ।

| | | |
|---|---|---|
| थिरप्रसाद खतिवडा | मुक्तिनाथ गौतम | नीलकण्ठ तिवारी |
| इञ्चार्ज | सचिव | अध्यक्ष |

**सुपारी उत्पादक किसान संघ**
केन्द्रीय कार्य समिति, केन्द्रीय कार्यालय, दमक-९ (झापा)

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# देशले निकाश पाओस्

**प्रतिनिधिसभा सदस्य निर्वाचन- २०८२ यसपटक झापाका लागि चासो र अत्यन्त प्रतिष्पर्धी हुने भएको छ । आगामी फागुन २१ गते हुने निर्वाचनमा झापा जिल्लाको ५ नम्बर क्षेत्रले सबैको ध्यान समेत खिचेको छ । सो निर्वाचन क्षेत्रबाट काठमाडौं महानगरका मेयरले प्रतिष्पर्धा गर्ने भएपछि ५ नम्बर क्षेत्र सर्वाधिक चासो, उत्सुकता र चर्चाको विषय बनिएको हो । चारपटक प्रधानमन्त्री भइसकेका एमाले अध्यक्ष खड्गप्रसाद ओलीको निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह बालेनको उम्मेदवारीले एकातिर सबैको ध्यान तानेको छ भने अर्कातिर एमालेलाई आफ्नो अस्तित्व रक्षाको चुनौती थपिएको छ ।**

**साढे तीन दशकदेखि लगातार त्यसै क्षेत्रबाट उठ्दै आएका एमाले अध्यक्ष ओली संविधानसभा सदस्य निर्वाचनमा माओवादीका विश्वदीप लिङ्देनसँग पराजीत भएका थिए । त्यसबाहेक सधैं निर्वाचन जित्दै आएका ओलीलाई यसपटकको निर्वाचन जेन–जी विद्रोहका कारण झनै चुनौतीपूर्ण बन्ने आंकलन गरिँदैछ । अघिल्लो निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीसँग चुनावी तालमेल गरेर फराकिलो मतान्तरले विजयी ओलीका लागि यसपटकको निर्वाचन फलामको च्युरा हुने बताइन्छ । यद्यपि पहिलोपटक संसदीय निर्वाचनमा महानगर प्रमुख पदबाट राजीनामा दिएर प्रतिष्पर्धा गर्न आएका बालेनलाई पनि अनुमान गरे जस्तो सहज भने छैन । रास्वपाका तर्फबाट भावी प्रधानमन्त्रीका रुपमा अघि सारिएका बालेन त्यस क्षेत्रका लागि नयाँ अनुहार हुन् । मतदातासँग प्रत्यक्ष साक्षात्कार नभएका बालेनले कसरी मतदाताको मन जित्छन् त्यो उनको रणनीतिले देखाउला ।**

**झापा क्षेत्र नं. २ र ३ पनि त्यत्तिकै चर्चामा छ । २ बाट विघटित प्रतिनिधिसभाका सभामुख र उपसभामुख प्रतिष्पर्धी छन् । सो क्षेत्रबाट एमालेका देवराज घिमिरे र रास्वपाकी इन्दिरा रानाको चुनावी प्रतिष्पर्धाले पनि यस क्षेत्रको चर्चा चुलिएको हो । त्यस्तै क्षेत्र नम्बर ३ मा पूर्व उपप्रधानमन्त्री तथा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन प्रतिष्पर्धामा रहेका कारण झापाका यी क्षेत्र बढी महत्त्वका छन् र यहाँ रोचक भिडन्त हुने देखिन्छ । जेन–जी आन्दोलको भावना अनुरुप स्थापित राजनीतिक नेतृत्वप्रति बढेको असन्तुष्टिलाई सम्बोधन गर्न पुस्तान्तरण अनिवार्य छ । त्यसकै पूर्णताका निम्ति युवापुस्ताको राजनीतिको आकर्षणले यसपटकको निर्वाचनलाई तताएको छ । नयाँ र युवा मतदाता, स्वतन्त्र उम्मेदवारी र पार्टी राजनीतिको निर्णायक कडी या निर्वाचनले देश र जनताको हित गर्नु आमनेपालीको साझा भावना हो ।**

## निर्वाचन, सामाजिक सञ्जाल र चुनौती

# मिस इन्फरमेशन, डिस इन्फरमेशन र हेट स्पीचको बढ्दो खतरा



एकराज गिरी

निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । जनताको मतमार्फत राज्यसत्ताको बैधता निर्धारण हुने यो प्रक्रिया स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी हुनुपर्छ । तर, डिजिटल प्रविधि र सामाजिक सञ्जालको तीव्र विस्तारसँगै निर्वाचन प्रक्रिया नयाँखालका चुनौतीको सामना गरिरहेको छ । विशेषगरी सामाजिक सञ्जालको दुरुपयोग गरी फैलाइने मिस इन्फरमेशन, डिस इन्फरमेशन र हेट स्पीचले लोकतान्त्रिक मूल्य, सामाजिक सद्भाव र चुनावी विश्वसनीयता माथि गम्भीर प्रश्न खडा गरेको छ । हामी २०८२ फागुन २१ गतेका लागि निर्धारित प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्मुखमा छौं । निर्वाचन नजिकिँदै जाँदा तयारी सँगै चुनौतीहरु पनि बढिरहेका छन् । कहिलेकाहीँ आमसञ्चारका माध्यमहरु समेत सामाजिक सञ्जालको प्रभावमा परेर तथ्य जाँच नगरी सूचना सम्प्रेषण गर्दा आमनागरिक भ्रमित हुने गरेका छन् । मिस इन्फरमेशन, डिस इन्फरमेशन र हेट स्पीच के हो ? भन्ने बुझेर समयमै सावधानी अपनाउनु आवश्यक छ ।

**मिथ्या सूचना (मिस इन्फरमेशन):** मिस इन्फरमेशन भनेको गलत, अपूर्ण वा भ्रामक सूचना हो, जुन प्रायः जानेर होइन, अन्जानमै फैलाइन्छ । निर्वाचनको समयमा मतदान मिति परिवर्तन भएको भन्ने हल्ला, गलत मतदान केन्द्रको जानकारी, उम्मेदवारले कहिल्यै नबोलेको अभिव्यक्ति उद्धृत गरिएको पोस्ट वा पुरानो तस्वीर-भिडियोलाई नयाँ घटनासँग जोडेर सेयर गर्नु यसको उदाहरण हुन् ।

**दुराशययुक्त सूचना (डिस इन्फरमेशन):** डिस इन्फरमेशन भनेको राजनीतिक, वैचारिक वा व्यक्तिगत स्वार्थ पूरा गर्न जानाजानी तयार पारिएको झुटो सूचना हो । नक्कली समाचार वेबसाइट, सम्पादित भिडियो ( डिपफेक), नक्कली अकाउन्ट प्रयोग गरेर गरिएको प्रचार, योजनाबद्ध चरित्र हत्या, जातीय वा धार्मिक डर फैलाउने कथा यसकै रूप हुन् । यो सुनियोजित र रणनीतिक हुन्छ, जसको लक्ष्य मतदाताको धारणा बदल्नु र चुनावी नतिजालाई प्रभाव पार्नु हो ।

**हेट स्पीच :** हेट स्पीच भनेको जाति, धर्म, भाषा, लिंग, समुदाय, क्षेत्र वा राजनीतिक विचारका आधारमा कुनै व्यक्ति वा समूहबिरुद्ध घृणा, अपमान, बहिष्कार वा हिंसालाई उक्साउने अभिव्यक्ति हो । निर्वाचनको बेला यस्तो भाषाले सामाजिक विभाजन गहिरो बनाउँछ र कहिलेकाहीँ वास्तविक हिंसामा रूपान्तरण हुने खतरा रहन्छ ।

विश्वका धेरै देशले सामाजिक सञ्जाल मार्फत फैलाइएका झुटा सूचना र घृणात्मक भाषणका कारण निर्वाचनमा गम्भीर चुनौती भोगेका छन् । कतिपय देशमा विदेशी हस्तक्षेप, ट्रोल नेटवर्कको प्रयोग, लक्षित विज्ञापन मार्फत मतदाताको मनोविज्ञानमा खेल्ने प्रयास सार्वजनिक भइसकेका छन् । केही ठाउँमा चुनावपछिको हिंसा, सामाजिक अशान्ति र राजनीतिक विभाजन यिनै कारण चर्किएको देखिन्छ ।

यही अनुभवका आधारमा धेरै लोकतान्त्रिक मुलुकहरूले चुनावी अवधिमा सामाजिक सञ्जालको विशेष निगरानी, तथ्य-जाँच संयन्त्रको विस्तार, डिजिटल विज्ञापनमा पारदर्शिता, र प्लेटफर्मको उत्तरदायित्व बढाउने नीति अपनाएका छन् । कतिपय देशमा चुनावी अवधिमा झुटा सूचना फैलाउनेलाई कडा दण्डको व्यवस्था गरिएको छ भने कतिपयले नागरिकको डिजिटल साक्षरतामा जोड दिएका छन् ।

> कुनै पनि सूचना सेयर गर्नुअघि स्रोत जाँच गर्ने, एकभन्दा बढी विश्वसनीय माध्यमबाट पुष्टि गर्ने, भावनामा बगेर प्रतिक्रिया नदिने बानी विकास गर्नुपर्छ । 'लाइक' र 'सेयर' पनि राजनीतिक कर्म हुन् भन्ने चेतना आवश्यक छ ।






**असर र प्रभाव**

सामाजिक सञ्जालमा फैलिने यस्ता प्रवृत्तिको असर बहुआयामिक र दीर्घकालीन हुन्छ । यसलाई यहाँ मुख्यतः चार वटा बुँदामा प्रष्ट्याउने प्रयास गरिएको छ । सबैभन्दा पहिलो- मतदाता भ्रमित हुन्छन् । सही सूचना र झुटो सूचनाबीचको सीमा धमिलिन्छ । सूचित निर्णय लिनुपर्ने मतदाता भावनात्मक उत्तेजना, डर वा आक्रोशका आधारमा निर्णय गर्न बाध्य हुन्छ । दोस्रो- चुनावी बहसको स्तर खस्किन्छ । नीति, कार्यक्रम र विचारधाराको प्रतिस्पर्धाभन्दा आरोप-प्रत्यारोप, अफवाह र चरित्र हत्याले स्थान लिन्छ । यसले लोकतान्त्रिक संवादको गुणस्तर कमजोर बनाउँछ । तेस्रो- सामाजिक ध्रुवीकरण बढ्छ । 'हामी र उनीहरू' भन्ने मानसिकता बलियो हुन्छ । जातीय, धार्मिक वा क्षेत्रीय पहिचानलाई राजनीतिक हतियार बनाइँदा सामाजिक सद्भाव कमजोर हुन्छ र अल्पसंख्यक तथा कमजोर समुदाय असुरक्षित महशुस गर्छन् । चौथो-निर्वाचनको विश्वसनीयता घट्छ । नतिजा माथि अविश्वास पैदा हुन्छ, पराजित पक्षले परिणाम स्वीकार्न गाह्रो मान्छ, र राजनीतिक अस्थिरता बढ्ने जोखिम रहन्छ । दीर्घकालमा यसले लोकतान्त्रिक संस्थामाथिको जनविश्वास कमजोर बनाउँछ ।

**नियन्त्रणमा साझा प्रयासको खाँचो**

मिस इन्फरमेशन, डिस इन्फरमेशन र हेट स्पीच नियन्त्रण कुनै एक पक्षको जिम्मेवारी मात्र होइन । यसका लागि बहुपक्षीय र समन्वयात्मक प्रयास आवश्यक छ । सामाजिक सञ्जाल प्लेटफर्मको जिम्मेवारी मुख्य कुरा हो । प्लेटफर्महरूले झुटा सूचना र हेट स्पीच पहिचान गर्ने प्रविधि सुधार गर्नुपर्छ, नक्कली अकाउन्ट र बोट नेटवर्क माथि कडाइ गर्नुपर्छ र मोडरेसन नीति पारदर्शी बनाउनुपर्छ । अर्कोतर्फ राज्य र निर्वाचन निकायको भूमिका महत्त्वपूर्ण हुन्छ । निर्वाचन आयोग, सञ्चार नियामक र सुरक्षा निकायबीच समन्वय हुनुपर्छ । आधिकारिक सूचना छिटो, स्पष्ट र विश्वसनीय रूपमा सार्वजनिक गर्ने व्यवस्था भए अफवाह फैलिने ठाउँ कम हुन्छ । त्यस्तै राजनीतिक दल र उम्मेदवारको आचारसंहिता अर्को महत्त्वपूर्ण पक्ष हो । दल र उम्मेदवारले छोटो फाइदाका लागि झुटा सूचना र घृणात्मक भाषण प्रयोग नगर्ने प्रतिबद्धता जनाउनुपर्छ । आचारसंहिता उल्लङ्घनमा प्रभावकारी कारबाही अनिवार्य हुनुपर्छ । सञ्चारमाध्यम र तथ्य-जाँच संस्थाको भूमिका अझ महत्त्वपूर्ण रहन्छ । सञ्चारमाध्यमले सनसनी होइन, सत्य र सन्तुलनलाई प्राथमिकता दिनुपर्छ । तथ्य-जाँच संस्थालाई सशक्त बनाउनु आजको आवश्यकता हो ।

**कानून, सन्तुलन र सावधानी**

नेपालसहित धेरै देशमा विद्युतीय कारोबार, साइबर अपराध, मानहानि, सार्वजनिक शान्ति भंग र घृणात्मक अभिव्यक्तिबिरुद्ध कानूनी व्यवस्था छन् । यस्ता कानूनले झुटा सूचना फैलाउने र हिंसा उक्साउने कार्यलाई दण्डनीय मानेका छन् । तर, यहाँ एउटा संवेदनशील सन्तुलन आवश्यक छ- अभिव्यक्ति स्वतन्त्रता र सामाजिक उत्तरदायित्वबीचको सन्तुलन । कानूनको दुरुपयोगले आलोचना र असहमतिको आवाज दबिनु हुँदैन, तर कानूनको अभावमा अराजकता पनि स्वीकार्य हुँदैन । अन्ततः लोकतन्त्रको रक्षा नागरिककै हातमा हुन्छ । कुनै पनि सूचना सेयर गर्नुअघि स्रोत जाँच गर्ने, एकभन्दा बढी विश्वसनीय माध्यमबाट पुष्टि गर्ने, भावनामा बगेर प्रतिक्रिया नदिने बानी विकास गर्नुपर्छ । 'लाइक' र 'सेयर' पनि राजनीतिक कर्म हुन् भन्ने चेतना आवश्यक छ ।

**अन्त्यमा,**

सामाजिक सञ्जाल आफैंमा न त समस्या हो न त समाधान । यसको प्रयोग कसरी गरिन्छ भन्ने कुरा निर्णायक हो । सही प्रयोगले लोकतन्त्रलाई सशक्त बनाउँछ, नागरिकलाई सूचित र सशक्त बनाउँछ । तर दुरुपयोगले लोकतन्त्रलाई कमजोर पार्छ, समाजलाई विभाजित गर्छ र निर्वाचनको आत्मामाथि आघात पुऱ्याउँछ । यसैले निर्वाचनको सन्दर्भमा मिस इन्फरमेशन, डिस इन्फरमेशन र हेट स्पीचविरुद्ध सचेत, संगठित र जिम्मेवार कदम चाल्नु आजको अपरिहार्य आवश्यकता हो । सत्य, विवेक र उत्तरदायित्वमै लोकतन्त्रको भविष्य सुरक्षित छ ।

*(गिरी पूर्वाञ्चल दैनिकका प्रधान सम्पादक तथा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष हुन् ।)*

# उमेर नपुग्दै महिनावारी : अभिभावकको भूमिका महत्वपूर्ण

कक्षा पाँचमा पढ्दै गरेकी एन्जिला कार्कीलाई पहिलो पटक महिनावारी भइन् । उनी ९ वर्षको मात्र छिन् । खेल्ने कुद्ने उमेरमा आफू महिनावारी भएको उनले पत्तो नै पाइनन् । महिनावारी बारे त उनी अनभिज्ञ थिइन् नै आमालाई पनि शुरुमा पत्याउनै कठिन भयो । लगातार तीन चार दिनसम्म रक्तस्राव नरोकिएपछि मात्र एन्जिलाकी आमालाई छोरी महिनावारी भएको विश्वास गरिन् ।

खुश्बु खतिवडा सधै झैं विद्यालय गइन् । घर आएपछि उनी खेल्न थालिन् । तर, उनलाई एक्कासी असहज महशुस हुन थाल्यो । उनी शौचालय गइन् । भित्रि वस्त्रमा उनले रगत देखिन् । १० वर्षकी उनी आत्तिएर आफ्नी आमालाई बोलाइन् । आमाले उनलाई शान्त भएर सम्झाइन् । र, छोरीलाई नआत्तिन सुझाव दिइन् । आमाले उनलाई महिनावारी बारे सबै कुरा बताइन् । त्यसपछि मात्र खुश्बुले महिनावारी बारे बुझ्न थालिन् ।

एन्जिला र खुश्बु जस्तै धेरै बालिकाहरु आजभोलि उमेर नपुग्दै महिनावारी हुने क्रम बढेको छ । किशोर अवस्थामा पुगेपछि मात्रै हुने महिनावारी अहिले सानै उमेरमा हुन थालेका छन् । यो राम्रो संकेत नभएको र यसले नकारात्मक असर गर्न सक्ने चिकित्सकहरु बताउँछन् । चिकित्सकका अनुसार १२ वर्षको उमेरपछि हुने महिनावारी सामान्य हो । तर अहिले बालिकाहरु छिट्टै महिनावारी हुन थालेका छन् । १० वर्ष वा ९ वर्षकै उमेरमा पनि महिनावारी भइरहेका छन् ।



स्त्री तथा प्रसूती रोग विशेषज्ञ प्रा.डा. गणेश दंगाल पछिल्लो समय किशोरीहरु कम उमेरमा नै महिनावारी हुन थालेको र यसबारेमा अध्ययन अनुसन्धान नभइसकेको बताउँछन् । यद्यपि खानपान, शहरीकरण, पोषणयुक्त खानाको सेवनले उमेर नपुग्दै किशोरीहरु महिनावारी हुने गरेको उनले जानकारी दिए । महिनावारी चाँडो हुने तथा ढिलो रोकिने भएमा एस्ट्रोजेन हर्मोन बढी हुने भएकोले उमेर ढल्कँदै जाँदा पाठेघरभित्र वा बाहिरको ट्युमर बढ्न सक्ने प्रा.डा. दंगाल बताउँछन् । यसरी बाल्य अवस्थामा नै महिनावारी हुँदा शारीरिक सरसफाईको पाटो समेत कमजोर बन्न सक्ने उनको दाबी छ ।

यसले बालिकाहरुमा डर र भयको वातावरण समेत सृजना गर्न सक्ने भएको यसबारेमा विद्यालयस्तरमा विभिन्न प्रकारका जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने प्राडा दंगालको धारणा छ । चिकित्सकीय हिसाबले बालिकाहरुमा हुने महिनावारीमा अण्डा उत्पादन हुन थालेमा त्यो पीडादायी हुनसक्ने उनले जानकारी दिए ।

विगतको तुलनामा बालिकाहरुको शरीरको तौल बढ्नु तथा जीवनशैलीमा आएको परिवर्तनका कारण अहिले ८/९ वर्षको उमेरमा पनि महिनावारी हुने बालिकाको संख्या बढेको स्त्री तथा प्रसूती रोग विशेषज्ञ डा. श्रीप्रसाद अधिकारी बताउँछन् । शारीरिक व्यायाम कम तथा पौष्टिक तत्वको मात्रा शरीरमा बढी भएका कारण पनि यो क्रम बढेको उनी बताउँछन् ।

मोटोपनाले एस्ट्रोजेन हर्मोनको मात्रा शरीरमा बढ्दै गएपछि ओभुलेसन बिना पाठेघर बाक्लो हुने तथा महिनावारी हुनसक्ने डा. अधिकारी बताउँछन् । सानै उमेरमा महिनावारीको हुँदा शरीरमा रगतको कमी हुने तथा कमजोरीको समस्या हुन सक्ने उनले जानकारी दिए । सानो उमेरमा महिनावारी शुरु भएकाहरुमा अनियमित महिनावारी हुन सक्ने उनी बताउँछन् ।

यसरी अपरिपक्व उमेर महिनावारी भएका बालिकाहरुलाई त्यसबारे सचेतना बढाउनका लागि परिवारका सदस्यहरुको भूमिका महत्वपूर्ण हुने डा. अधिकारी बताउँछन् । यस्तो अवस्थामा बालिकाहरु तनावमा पनि हुन सक्ने भएकोले बुबा आमाले यसबारे बालिकाहरुलाई परामर्श दिने तथा उनीहरुको सरसफाईमा पनि विशेष ख्याल गर्नुपर्ने उनको धारणा छ । यसका लागि विद्यालयले पनि विभिन्न प्रकारका परामर्श दिएर त्यस समयमा बालिकाहरुलाई पर्न सक्ने नकारात्मक असरलाई न्यूनीकरण गर्न सक्नेछ । महिनावारीको समयमा शरीरमा आउने परिवर्तनहरु, सरसफाईका लागि ख्याल गर्नुपर्ने पक्षहरु, विद्यालय तथा घरपरिवारलाई जानकारी गराउनुपर्ने अवस्था लगायतका विषयमा ४-५ कक्षादेखि नै बालिकाहरुलाई जानकारी गराउनुपर्ने डा. अधिकारी बताउँछन् ।

यस्ता पक्षहरुमा ध्यान दिएर उमेर नपुग्दै महिनावारी भएका बालिकाहरुलाई पर्न सक्ने मानसिक असरलाई कम गर्न सकिने डा. अधिकारी बताउँछन् । जसको पाठेघरको मांसपेशीहरू बाक्लो हुनेहरुमा महिनावारीमा एकदमै पीडादायी हुने गर्छ । यस्तो पीडाबाट छुटकारा पाउन हल्का व्यायाम गर्ने, प्रशस्त मात्रामा पानी पिउने र हट वाटर ब्यागले पेट सेक्नका लागि अभिभावकहरुले सहयोग गर्न सक्ने डा. अधिकारी बताउँछन् ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** मनमा खटपटी पैदा हुने समय छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** आजको दिन शुभ रहेको छ, आजबाट तपाईको अनावश्यक यात्रा तथा खर्च हुनबाट जोगिने योग छ, स्वास्थ्यको विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा लाभदायक तथा उत्तम नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** सन्तानबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्ने योग छ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वस्त्र प्राप्तीको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको भरपुर सहयोग प्राप्त होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** आजबाट राम्रो समयको शुरुवात भएको छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला शुभ समय आएको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन शान्त रहने छ, छोटो दूरीको यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** दिन मध्यम रहेको छ, इष्टमित्रले साथ दिनेछन्, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले काम बन्नेछ, बोल्दा विचार पुऱ्याउनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौशलाले थप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ ।

मिति २०८२/१०/०६ मंगलबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. २,८५,२००।-
चाँदी
प्रति तोला
रु. ५,८९५।-

घट्दै चियाको उत्पादन र निकासी :

# चियाको पालुवामा कीराको प्रकोप

**विराटनगर, माघ ६।** झापाको हल्दिबारी गाउँपालिकाका किसान पर्वत डाँगीको चियाको मुना टिप्ने बेलामा एकाएक 'लुपर क्याटरपिलर'नामक कीराको प्रकोप चिया बारीमा देखापर्यो । उनले सधैं प्रयोग गर्ने विषादि कीरा मार्न प्रयोग गरे तर कीराको साइकल ब्रेक भएन । सात वर्षअघि पनि यो कीराले दुःख दिएको थियो । तर, यसलाई त्यो बेलामा छर्किएको विषादिले काम गरेन । लुपर क्याटरपिलरको साइकल ब्रेक नहुँदा १० बिगाहमा लगाएको चियाका मुना र कलिला पातहरू सबै खाइदियो ।



अघिल्लोपटकको भन्दा यसपटक कीरा निकै बलियो भएर आएकाले सामान्य विषादिले काम नगरेको उनको बुझाइ छ । वर्षातको समय भएकाले पानी नपरेका बेला घाम लाग्दा मात्र विषादिले काम गर्छ । यसपालीको साउने झरीमा किराले बोटै उजाड बनाइदिएपछि उनको चियाबारीमा एक लाख २० हजार किलो चिया उत्पादन हुँदै आएकोमा ८० हजार किलोमात्र हरियो पत्तीको उत्पादन भयो । ४० हजार किलो चियापत्ती कीराले खाएर सखाप बनाइदियो ।

डाँगी लगायत ६० जना साना चिया किसान सम्मिलित पाराखुशी साना किसान सहकारी संस्थामा समेत आउने हरियो पत्ती चियाको संकलन एक लाख किलोग्रामले घटेको छ । सिजनमा सबै किसानबाट हरियो पत्ती संकलन गरी सहकारीले नै सीटीसी चिया बनाएर विक्री गर्दै आएको छ । अघिल्ला वर्षहरूमा छ लाख किलोग्राम हरियो पत्ती सहकारीमा आउने गर्थ्यो तर यसपटक पाँच लाख किलोग्राम मात्र संकलन भएको डाँगीले बताए ।

डाँगीका अनुसार उनको मात्र होइन, जिल्लाका सबै किसानको अवस्था उस्तै छ । एकातिर उत्पादन घटेको छ भने अर्कोतिर भारतीय बजारमा चियाको निकासी घटेको छ । चालू आर्थिक वर्षको प्रथम पाँच महिनामा चियाको निकासी करिब ३० प्रतिशतले घटेको व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रले बताएको छ । परिमाण र रकम दुबै रूपमा निर्यात घटेको केन्द्रको तथ्यांकले देखाउँछ । गत साल नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको एक अध्ययन अनुसार झन्डै ९० प्रतिशत नेपालको चिया भारत निर्यात हुन्छ ।

नेपाल चिया उत्पादक संघका उपाध्यक्ष शिवकुमार गुप्ताले २५ देखि ३० प्रतिशत चिया लुपरले नष्ट गरिदिएको बताए । फागुनसम्ममा कति क्षति भएको हो यकीन तथ्यांक आउने भए पनि अहिले सबैतिरको अवस्था हेर्दा २५ देखि ३० प्रतिशत हरियो चियाको उत्पादन घटेको उनले बताए । नेपाली चियाको भारत निकासीमा समस्या नरहेको बताउँदै उनले किराको नश्ल नै कडा भएर विषादिले काम नगरेकाले किसानले ठूलो क्षति व्यहोर्नु परेको बताए । समयमा नै सम्बद्ध निकायले चासो नदेखाउँदा र मौसम पनि अनुकूल नहुँदा चियाको उत्पादनमा कमी आएको उनको भनाइ छ । भारत निकासीमा अब आउने नयाँ सिजनमा भने प्रत्येक गाडीबाट स्याम्पल परीक्षण गर्ने भारतीय चिया तथा कफी बोर्डले निर्णय गरेको तर त्यसको विधि र प्रक्रिया कस्तो हुने भन्ने स्पष्ट नभएको उनले खुलाए ।

नेपाल चिया उत्पादक संघका महासचिव शुक्र दाहालले चियाको माग र लुपर किराको प्रकोपका कारण उत्पादन र निकासी दुबैमा गिरावट आएको बताए । यो वर्ष चियाको सिजनमा प्रतिकिलो ८५ देखि ९० भारूको हाराहारीमा दाम रहेकाले नेपाली किसानहरूले भारतीय व्यापारीलाई विक्री गर्नुभन्दा स्थानीय बजारमै बिक्री गर्ने गरी चिया भण्डारण गरेकाले चिया निकासी घट्न गएको ठहर उनको छ । तर, भारतीय चियामा समेत पछिल्लो समय लुपरको आक्रमण भएकाले अन्तिम दुई महिना भने नेपाली सीटीसी चियाले भारतीय बजारमा एक किलोग्रामको एक सय पाँच रुपैयाँ दाम पाएको थियो । महासचिव दाहालका अनुसार डेढ बिगाह जमिनमा लगाएको चिया खेतीमा पहिले पाँच हजारको विषादिले किरा मर्थे भने यसपटक ५५ हजारको विषादि प्रयोग गर्दा पनि किरा मरेनन् । किरा मार्ने विषादिका लागि पनि किसानको लागत अत्यधिक बढेको उनको भनाइ छ ।

चिया तथा कफी विकास बोर्डका निमित्त निर्देशक इन्द्र अधिकारीले लुपर क्याटरपिलर नामक किराको प्रकोपका कारण २५ प्रतिशत हरियो चियापत्ती नष्ट भएको बताए । अर्थात् २५ प्रतिशतले हरियो चियाको उत्पादन घट्यो । उनका अनुसार तयारी सिटीसी चिया भारत निकासी घट्नुको कारण भारतीय बजारमा अघिल्लो वर्षको तुलनामा बजार भाउ घटेको र नेपालमै राम्रो मूल्य पाइने भएकाले व्यवसायीले चिया स्टक गरेर नेपाली बजारमा पठाइरहेकाले हो । भारतीय बजारमा निकासी गरेपछि नेपाली बजारमा ५० प्रतिशत सीटीसी चिया बिक्री हुने गरेको छ । नेपालमा सीटीसी चिया दुई करोड किलोग्राम उत्पादन भएर निकासी हुँदै आएको छ ।

मेची भन्सार कार्यालय काँकरभिट्टाका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा तीन अर्ब १६ करोड ९५ लाख २७ हजार मूल्य बराबरको एक करोड ३४ लाख ६६ हजार किलोग्राम चिया निकासी भएको तथ्यांक छ । त्यसैगरी आव २०८१/०८२ मा चार अर्ब २१ करोड ३५ लाख ९२ हजार मूल्य बराबरको एक करोड ५४ लाख १६ हजार सात सय ५७ किलोग्राम चिया निकासी भएको थियो । तुलनात्मक रूपमा अघिल्लो वर्षभन्दा आव २०८१/०८२ मा चियाको निकासी ३२ दशमलव पाँच प्रतिशतले बढेको थियो । तर, गत आवको पहिलो पाँच महिना (साउन-मंसीर) र चालू आवको पाँच महिनाको तुलना गर्दा चियाको निकासी घटेको देखिन्छ । आव २०८१/०८२ को पाँच महिनामा दुई अर्ब ७० करोड ३९ लाख ३६ हजार रुपैयाँ बराबरको एक करोड २७ हजार दुई सय १९ किलोग्राम चिया मेची नाकाबाट निकासी भएको छ । चालू आवको पहिलो चौमासमा एक अर्ब ८५ करोड ६२ लाख सात हजार मूल्य बराबरको ६५ लाख ६२ हजार एक सय ७७ किलोग्राम चिया निकासी भएको तथ्यांकमा देखिएको छ । जुन अघिल्लो पाँच महिनाको भन्दा ३१ दशमलव चार प्रतिशतले घटी हो ।

मेची भन्सार कार्यालय काँकरभिट्टाका भन्सार अधिकृत रामचन्द्र ढुंगानाका अनुसार चियाको उत्पादन घट्नुको कारणमा भारतीय पक्षले गरेको ल्याब परीक्षणमा कडाइका साथै ढिलासुस्ती गरिदिनाले पनि चियाको निकासीमा कमी आएको हो । पछिल्लो समय चिया टिप्ने सिजनमा कामदार नपाउँदा पनि चियाका व्यवसायीहरूले एक छिमलको चिया टिप्न छाड्नु परेकाले पनि चियाको उत्पादन घट्ने गरेको ढुंगानाले बताए ।

नेपालको सीटीसी चियाको ९० प्रतिशत बजार भारत नै हो । तर, अर्थोडक्स चिया भने भारत, यूरोप, अमेरिका र चीन लगायत दुई दर्जन मुलुकमा निकासी हुँदै आएको छ । मेची भन्सार कार्यालय काँकरभिट्टाले अहिलेसम्म नेपाली चिया नरोकिएको जानकारी दिएको छ । नेपाली चियाको निकासी पहिले झैं बिना कुनै रोकटोक सुचारु रहेको बताएको छ । नेपालमा उत्पादित चिया ९० प्रतिशत निर्यात हुने गर्दछ ।

मुख्यतयाः भारत, अमेरिका, जापान र चीन नेपाली चियाको प्रमुख हो । चिया निर्यातबाट नेपालले वार्षिक तीन करोड ८० लाख रुपैयाँ बराबरको विदेशी मुद्रा आर्जन गर्दै आएको छ । राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार नेपालमा २७ हजार पाँच सय हेक्टर क्षेत्रफलमा चियाखेती गरिन्छ । देशभर ६८ वटा ठूला चिया उद्योग नौ सय ३० अर्थोडक्स, ३८ सीटीसी र एक सय ५० भन्दा बढी साना अर्थोडक्स प्रशोधन उद्योग सञ्चालनमा छन् ।

## बुट्टाबारीलाई भेट्रान फुटबलको उपाधि



**अर्जुनधारा, पुस ६।** २८६२औं सोनाम ल्होछारको अवसरमा अर्जुनधारा नगरपालिकामा जारी क्लव स्तरीय भेट्रान फुटबल नकआउट प्रतियोगिताको उपाधि बुट्टाबारी भेट्रान फुटबल क्लवले जितेको छ ।

नेपाल तामाङ घेदुङ संघ अर्जुनधारा नगर समितिको आयोजनामा अर्जुनधारा नगरपालिका-१ मदनपुरस्थित सांस्कृतिक खेलमैदानमा सम्पन्न भएको प्रतियोगिताको फाइनल खेलमा सैनिक भेट्रान फुटबल क्लवलाई १-० गोल अन्तरले पराजित गर्दै बुट्टाबारीले उपाधि जितेको हो । बुट्टाबारीको जीतका लागि खेलको नवौं मिनेटमा असीत तामाङले निर्णायक गोल गरेका थिए । जीतसँगै विजेता बुट्टाबारीले नगद पुरस्कार ४० हजारसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गरेका छन् । उपविजेता सैनिकले नगद पुरस्कार २५ हजारसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गरेका छन् ।

त्यसैगरी प्रतियोगिताको उत्कृष्ट खेलाडी विशाल राई( बुट्टाबारी), उत्कृष्ट फरवार्ड दिलेन लोक्ताम(सैनिक), उत्कृष्ट रक्षक गणेश कटुवाल (सैनिक), उत्कृष्ट गोलरक्षक अमित गुरुङ (बुट्टाबारी) र फाइनल खेलको उत्कृष्ट खेलाडी असित तामाङ (बुट्टाबारी) भएका छन् । उनीहरुलाई नगद पुरस्कार क्रमशः दुई हजार पाँच सय, दुई हजार र एक हजार पाँच सयसहित ट्रफी प्रदान गरिएको थियो ।

समितिका अध्यक्ष बृखकुमार गोलेको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेवसिंह गोम्देन तामाङ, वडाध्यक्षद्वय उपेन्द्र बस्नेत र खगेन्द्र इङनाम, कार्यपालिका सदस्यद्वय चन्द्रा तामाङ र सन्तोष मेचे, अर्जुनधारा नगर खेलकुद विकास समितिका अध्यक्ष सुरेन्द्रबहादुर धिमाल, प्याब्सन अर्जुनधाराका अध्यक्ष बालगोपाल गौतम लगायतले उक्त पुरस्कारहरु वितरण गरेका थिए ।

कार्यक्रमको सञ्चालन पत्रकार तिलक योञ्जनले गरेका थिए । गत माघ २ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा आयोजकसहित झापा र इलामका आठ टिमको सहभागिता रहेको प्रतियोगिताका खेल संयोजक विक्रम गोलेले जानकारी दिए ।

## एआई प्रविधिमा नेपाली छलाङ : 'मिरागो' योर भर्चुअल ट्रायल रूम

**झापा, माघ ६।** यो कपडाले मलाई सुहाउँछ कि सुहाउँदैन ? तयार हुने बेलामा हरेक मानिसको दिमागमा यही कुरा खेलिरहन्छ । उसलाई लाग्छ, एकपटक आफूलाई कपडामा सजिएको आफ्नै आँखाले हेर्न पाए, के लगाउने भनेर छान्न सजिलो हुने थियो । त्यसैका लागि मानिस ऐनाको सहारा लिन्छन् । लुगा वा कपडा किन्दा ट्रायल रुममा पसेर लगाउनु पर्ने आवश्यकता अझै पनि नेपालमा कायमै छ ।

'मिरागो' यही आवश्यकतालाई अनावश्यक बनाउन सहयोगी एक एआई प्लाटफर्म हो । एआइ टेक्नोलोजीमा केन्द्रित यस भर्चुअल ट्रायल रुम प्लाटफर्म मिरागोलाई प्रयोग गर्न प्रयोगकर्ताले आफ्नो फोटो र आफूलाई मनपरेको लुगाको फोटो अथवा स्क्रिनसट प्लाटफर्ममा अपलोड गर्नुपर्ने हुन्छ ।

अपलोड भएको फोटो अनुसार एआइले स्वतः प्रयोगकर्ताको फोटोमा उक्त लुगा फिट गरेर नयाँ फोटो जेनेरेट गरिदिनेछ । यसले प्रयोगकर्तालाई आफूलाई सुहाउने लुगा छान्न सहज हुनुका साथै अनलाईन सपिङबाट सामान किनेपछि निम्तिने निराशालाई अन्त्य गर्न सहयोग गर्नेछ ।

पुरानो तरिकाले अनलाइनमा मनपरेका लुगाहरु किनेर लगाएपछि मन नपर्ने, नसुहाउने समस्या एकैसाथ समाधान हुनुका साथै अब फर्मल, विवाह, पार्टी अथवा कुनै पनि प्रकारका पहिरन छान्न र आफ्नो स्टायल पहिचान गर्न मिरागोले सहयोग गर्ने प्लाटफर्म निर्माणकर्ताहरुको विश्वास छ ।

**मिरागो प्लाटफर्म निर्माणकर्ता भन्दछन् :** नेपालमै निर्मित यस भर्चुअल एआइ प्लाटफर्म केबल नेपालका लागि मात्र नभएर संसारकै लागि एक उपयोगी साधन बन्ने विशेषता राख्दछ ।

विद्यार्थी, कर्परेट कर्मचारी, कन्टेन्ट क्रिएटर र इन्फ्लुएन्सरका साथै आममानिसलाई लक्षित यस प्लाटफर्मले ड्रेसिङलाई थप सहज र रोचक बनाउनेछ भने यसलाई प्ले स्टोर, एप स्टोर दुवैबाट डाउनलोड गरेर प्रयोग गर्न सकिनेछ । वेवबाट वेवसाइट मार्फत समेत प्रयोग गर्न सकिने यस प्लाटफर्म अन्तर्राष्ट्रिय स्तरमा जानु पूर्व पहिलो चरणमा नेपालमा सार्वजनिक भएको छ र यसको युजर इन्टरफेस नेपाली प्रयोगकर्तालाई प्राथमिकतामा राखेर बनाइएको छ ।

प्लाटफर्म निर्माणकर्ताका अनुसार नेपालमा बनेको प्लाटफर्ममा अन्तर्राष्ट्रिय स्तरको टेक्नोलोजी र युजर इन्टरफेसको अनुभव गर्न सकिन्छ भन्ने कुरालाई यस प्लाटफर्मले पुष्टि गर्नेछ । अब कहाँ जाँदा के लगाउने, कस्तो लुगा लगाउने ? किन्ने कि नकिन्ने लगायत सम्पूर्ण प्रश्नका उत्तर एकै प्लाटफर्म मार्फत पाउन सकिने छ र यसले प्रयोगकर्ताको गोपनियता र त्यसको सुरक्षालाई समेत प्राथमिकतामा राखेर जीवनलाई सहज बनाउनेछ भन्ने कुरामा पनि निर्माणकर्ताहरु विश्वस्त छन् ।


सस्तो मूल्यमा सिपमूलक तालिम
प्लम्बर, इलेक्ट्रीसीयन, मेन, स्काफहोल्डर, स्टील फिक्चर लगायत कन्ट्रक्सन सम्बन्धी सम्पूर्ण ट्रेनिङ्गहरु गराइन्छ ।
नोटः टाढाबाट आउनेलाई खान/बस्नको सुविधा दिइने छ ।
सम्पर्क : ९७०४०६६८४४

उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

होटल समृद्धि सुरुङ्गा

एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

SUNMAI SPRING
'थोपा-थोपामा जीवन छ'
HACCP | ISO 9001:2015 | स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

मार्बल शिलालेख
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६०० ९८१६०४९८००

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand


सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोनः ९७०००६८५४०, ९८०१४४५००३

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

Ganapati Bakers
Finest Bakery in town

गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।

सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

United International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
युनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)